कर्णाली प्रदेश सरकारको मुख्यमन्त्री पदमा माननीय मंगल बहादुर शाहीले पदभार ग्रहण गरेको १०० दिनमा भएका उपलब्धिको विवरण

कानून तर्जुमा

- योगदानमुलक निवृतभरण कोष स्थापना तथा सञ्चालन सम्वन्धमा व्यवस्था गर्ने विधेयक सामयिक राजस्व सङ्कलन गर्ने सम्वन्धमा व्यवस्था गर्ने विधेयक कर्णाली प्रदेश खानेपानी तथा सरसफाइसम्बन्धी व्यवस्था गर्न बनेको विधेयक र कर्णाली प्रदेश स्याउ बिकास बोर्ड स्थापना र सञ्चालन सम्वन्धमा व्यवस्था गर्ने विधेयक सहित ४ वटा नयाँ विधेयक र दलित समुदायको सशक्तीकरण र जीवनस्तर प्रवर्द्धन (पहिलो संशोधन) विधेयक समेत ५ वटा विधेयक प्रदेश सभामा पेस गर्न मन्त्रिपरिषद्बाट स्वीकृति प्रदान गरिएको।
- कर्णाली प्रदेशमा यातायात सेवा थप प्रभावकारी र व्यवस्थित बनाउन कर्णाली प्रदेश राईड सेयरिङ तथा सेल्फ ड्राईभ (नियमन र व्यवस्थापन) नियमावली २०८३ र मुख्यमन्त्री दलित आयआर्जन कार्यक्रम सञ्चालन (पहिलो संशोधन) नियमावली २०८३ स्वीकृत गरिएको।
- गुणस्तरीय शिक्षाको लागि शैक्षिक पूर्वाधारमा पर्याप्त लगानी बढाउन कर्णाली प्रदेशको शिक्षा क्षेत्र योजना (२०८३-२०९२) स्वीकृत गरिएको।
- कर्णाली प्रदेश विपद् जोखिम न्यूनीकरण कार्यमञ्चको कार्यविधि, प्रदेश आपत्कालीन कार्यसञ्चालन केन्द्र सञ्चालन कार्यविधि, लैङ्गिक समानता तथा सामाजिक सकावेशीकरणा परिक्षण कार्यविधि, कर्णाली प्रदेश लोककल्याणकारी विज्ञापन बितरण कार्यविधि, कर्णाली प्रदेश घर बिमा कार्यविधि, कृषि तथा सहकारी सम्बन्धी कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, सहित ६ वटा कार्यविधि स्वीकृत गरिएको।
- कार्यस्थलमा हुने यौनजन्य निवारण सम्बन्धी निर्देशिका र कर्णाली प्रदेश आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी निर्देशिका, स्वीकृत गरिएको।
- प्रदेशको भू-उपयोगलाई व्यवस्थित, वैज्ञानिक तथा दिगो बनाउन कर्णाली प्रदेश भू-उपयोग नीति तर्जुमा प्रक्रिया अगाडि बढाइएको छ। विषादी अवशेष द्रुत विश्लेषण (RBPR) प्रयोगशाला सञ्चालन निर्देशिका, २०८३ मस्यौदा तर्जुमा गरिएको छ।
- प्रदेश वजार अनुगमन नियमावली, हवाई सहुलियत कार्यविधि, व्याज अनुदान कार्यविधि तर्जुमाको कार्य अगाडि बढाइएको छ।

शासकीय सुधार

- कर्णाली प्रदेशमा रहेका विभिन्न तालिम केन्द्रहरू कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठानमा गाभी एकीकृत तालिम केन्द्रको विकास गरिएको छ। साथै कार्यसम्पादनका लागि संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन स्वीकृत गरी प्रदेश र स्थानीय तहका कर्मचारीहरूको क्षमता विकासको प्रबन्ध मिलाइएको छ।
- भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय अन्तर्गत प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रम र ग्रामीण सडक सञ्जाल सुधार आयोजना कार्यक्रमको अस्थायी सङ्गठन संरचना स्वीकृत गरिएको छ।

- प्रदेश सरकारको संरचना तथा जनशक्तिलाई कम बोझिलो बनाउन तथा उपयुक्त आकारमा ल्याउन सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको प्रतिवेदन तयार भई स्वीकृत हुने अन्तिम चरणमा रहेको छ।
- नतिजामुखी कार्यसम्पादनका लागि माननीय मुख्यमन्त्री र माननीय मन्त्रीहरूबीच, मुख्यमन्त्री र प्रमुख सचिव, मन्त्री र प्रदेश सचिव, सचिव र कार्यालय प्रमुख/आयोजना प्रमुखबीच कार्यसम्पादन सम्झौता गरिएको छ।
- प्रदेश सरकारको कामकाज थप प्रभावकारी बनाउन एकीकृत सरकारी कार्यालय व्यवस्थापन प्रणाली (GIOMS) लागू गरिएको छ।
- यातायात व्यवस्था कार्यालय सुर्खेतबाट सूचना प्रविधिमा आधारित एकल बिन्दु सेवा प्रवाह (one Stop Service Delivery) को सुरुवात भएको छ। सवारी साधनको राजस्व बुझाउने, दर्ता, नवीकरण लगायतका कार्यहरु □□□/□□□ □□□□□□ मार्फत प्रविधिमा आधारित बनाइएको छ।
- लामो समयदेखि रोकिएको स्थानीय सेवाको कर्मचारी पदपूर्तिलाई अगाडि बढाई विभिन्न सेवा समूहका कर्मचारीहरूको पदपूर्ति, बढुवा, पदस्थापन सम्बन्धी कार्य गरिएको छ। साथै कर्मचारी सरूवालाई व्यवस्थित र नतिजामूलक बनाइएको छ।

<u>विपद् व्यवस्थापन तथा शान्ति सुरक्षा</u>

- २०८३ साल भाद्र १० गते रसुवा जिल्लाको भोटेकोशी नदी तथा तल्लो तटीय क्षेत्रमा आएको भीषण बाढीबाट ठूलो जनधनको क्षतिको राहत तथा पुनर्स्थापना कार्यमा कर्णाली प्रदेश सरकारको तर्फबाट रू २ करोड रकम प्रधानमन्त्री दैवी प्रकोप राहत कोषमा उपलब्ध गराइएको छ साथै कर्णाली प्रदेश सरकार अन्तर्गत कार्यरत कर्मचारीहरुको मासिक तलबबाट ३ देखि ५ दिनको रकम प्रधानमन्त्री राहत कोषमा सहयोग गरिएको छ।
- रसुवा बाढी प्रभावितहरुको लागि कर्णाली प्रदेशका १० वटै जिल्ला विपद् व्यवस्थापन कोषहरुमा शव ढुवानी तथा किरिया खर्चका लागि प्रति जिल्ला रु. १५ लाखका दरले रकम निकासा गरिएको छ।
- कर्णाली प्रदेशका १० वटै जिल्ला विपद् व्यवस्थापन कोषहरुलाई विपद् राहत तथा उद्धार सामग्री खरिदका लागि प्रति जिल्ला रु २० लाखका दरले रकम हस्तान्तरण गरिएको छ।
- जाजरकोट जिल्लाका बाढी तथा पहिरो प्रभावित र विस्थापित परिवारका लागि त्रिपाल १५० थान, टेन्ट २० थान, ब्लाङकेट १८५ थान लगायतका राहत सामग्रीहरु पठाइएको छ।
- जाजरकोट जिल्लाको विपद् व्यवस्थापनका लागि विशेषज्ञ चिकित्सक खटाई विपद् व्यवस्थापन गरिएको छ।
- वन्यजन्तुबाट भएको क्षतिको राहत स्वरूप ५८ जना व्यक्तिहरुलाई कूल रू. १३ लाख ५८ हजार रुपैया वितरण गरिएको।

<u>बजेट खर्च तथा योजना कार्यान्वयन</u>

- आर्थिक वर्ष २०८३/८४ को सबै विषयगत मन्त्रालय र मातहतका निकायको वार्षिक कार्यक्रम कार्यान्वयन तालिका स्वीकृत गरी कार्यसम्पादन अगाडि बढाइएको छ।

- २०८३ असोज मसान्त सम्म कुल बजेटमा चालु तर्फ रु १७,३२,७२,४२९।(१२.२४ प्रतिशत) र पुँजिगत तर्फ रु ८१,६०,२७,५०१।७२ (३.९३ प्रतिशत) सहित कुल जम्मा रु २,५४,८७,५१,७९६।(७.२० प्रतिशत) बजेट खर्च भएको
- २०८३ असोज २० गते सम्म रु २४,२७,७४,०९२।राजस्व सङ्कलन भएको

- प्रदेशका २ वटा मुख्य रणनीतिक सडक खण्डहरूमा पर्ने नदी तथा खोलाहरूमा २ वटा पक्की सडक पुल (सेपुखोला बेलिब्रिज बारेकोट गापा जाजरकोट, ताल्चा खोला बाँफिकोट गा.पा.रूकुम पश्चिम सडक पुल) निर्माण सम्पन्न भएका छन्। ग्रामीण क्षेत्रको पहुँच बढाउन कुल १७ वटा झोलुङ्गे पुल निर्माण सम्पन्न भएका छन्।
  - इलाका प्रहरी कार्यालय राकम लगायतका विभिन्न प्रहरी भवनहरूको निर्माणको लागि रु ७ करोड ६ लाख ५० लाख पुर्वाधार विकास कार्यालयमा निकासा गरिएको छ।
  - कर्णाली प्रदेशमा सञ्चालित रूग्ण, बहुवर्षीय तथा कार्यप्रगति न्यून भएका आयोजनाहरू शीघ्रताका साथ निर्माण सम्पन्न गर्न सरोकारवाला निकाय र प्रतिनिधिका बीच छलफल गरिएको।
  - ग्रामीण सडक सञ्जाल सुधार आयोजना (RCIP) अन्तर्गत रुकुम (पश्चिम) जिल्लामा शीतलपोखरी-झुल्खेत-चुनबाङ सडक (१८.४१७ कि.मि) खण्ड निर्माणको लागि सम्झौता भइ निर्माण कार्य सुरु भएको छ।
- निजी क्षेत्र लगायत सरोकारवालाहरूसँग बजेट कार्यान्वयन प्रभावकारीताका लागि Post Budget Interaction Program, बहुवर्षीय आयोजना प्रस्तावलाई प्रभावकारी बनाउन बहुवर्षीय आयोजना प्रस्ताव सम्बन्धी अभिमुखीकरण सम्पन्न गरिएको छ।
  - प्रादेशिक तथा स्थानीय सडक सुधार आयोजना (PLRIP) अन्तर्गत सुर्खेत रिङरोड स्तरोन्नति कार्य, सुर्खेत, जुम्ला खलङ्गा-लासी सडक स्तरोन्नति कार्य, जुम्ला, सलीसल्ला-पिप्लाङ सडक स्तरोन्नति कार्य, हुम्ला र वाडाबन-सानाखोला सडक स्तरोन्नति कार्य, जाजरकोट (८.०० कि.मि)को निर्माण कार्यको लागि विश्व बैङ्कबाट कार्यसहमति (No Objection Letter- NOL) प्राप्त भएको छ।
  - प्राकृतिक विपद् वा अप्रत्याशित घटनाका कारण विभिन्न जिल्लाहरुमा सडक अवरुद्ध हुँदा आकस्मिक मर्मत गरि यातायात सुचारु गरिएको छ।
  - कर्णाली प्रदेशको एकीकृत प्रशासनिक भवनको निर्माण कार्य सुरुवात भएको छ।
  - जाजरकोटमा भूकम्पपछिको आवास तथा सार्वजनिक पूर्वाधार पुनर्निर्माण कार्य अन्तर्गत जम्मा ३ वटा विद्यालय भवन निर्माण सम्पन्न भएका छन्।
  - सुर्खेतको जुम्ल्यामूल ताल बहुउद्देश्यीय आयोजनाको Check Dam -३ वटा, नहर - ९००० मिटर र २२००००० घ.मि क्षमता भएको Reservoir - १ वटाको कार्य सम्पन्न हुने चरणमा रहेको छ।
  - सुर्खेतको हर्रेमा विषादी अवशेष द्रुत विश्लेषण (RBPR) प्रयोगशालामा आवश्यक उपकरणको व्यवस्था गरि सञ्चालन गरिएको छ।

<u>शिक्षा, स्वास्थ्य तथा खेलकुद</u>

- दशौं राष्ट्रिय खेलकुद प्रतियोगिता सञ्चालनको लागि समन्वय र सहजीकरण गरि मङ्सिर १६ गते उद्घाटन मिति तय भएको छख। कर्णाली प्रदेशको सुर्खेत रंगशालाको निर्माण कार्य सम्पन्न भई प्रदेश सरकारलाई हस्तान्तरण गर्ने प्रक्रिया अगाडि बढेको छ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलहरूमा पदक विजेता कर्णाली प्रदेशका १४६ खेलाडीलाई प्रोत्साहन तथा पुरस्कार प्रदान गरिएको छ।
- दशौं राष्ट्रिय खेलकुदका लागि प्रत्येक जिल्ला तथा प्रदेशस्तरीय खेलाडी छनोटको कार्य सम्पन्न गरिएको छ।
- स्वास्थ्य सेवा कार्यालय, दैलेखलाई ५ शैयाको Dylasis सेवा सञ्चालन गर्न अनुमति प्रदान गरिएको छ।
- प्रदेश अस्पताल तथा जिल्ला अस्पतालमा आवश्यकताका आधारमा छात्रवृत्ति करार मार्फत् प्राप्त विशेषज्ञ चिकित्सक तथा चिकित्सक पठाइएको छ।

- सल्यान जिल्लाको दार्मा गा.पा. मा स्क्रब टाइफस रोगको महामारी नियन्त्रणको लागि परीक्षण कीट, औषधी र चिकित्सक परिचालन गरिएको ।

विविध

- प्रदेशको आन्तरिक राजस्व अभिवृद्धिका लागि प्रदेशका जिल्ला कार्यालय र स्थानीय तहसँग छलफल तथा अन्तरक्रिया गरिएको छ।
- सङ्घीयता सबलीकरणको लागि अन्तर प्रदेश मुख्यमन्त्री सम्मेलन, अन्तर प्रदेश आर्थिक मामिला परिषद्को बैठक, अन्तर प्रदेश मुख्यन्यायाधिवक्ताको सम्मेलनबाट साझा प्रतिबद्धता पत्र जारी गरिएको छ।
- ६ वटा प्रारम्भिक वातावरणीय परीक्षण (IEE), २ TOR, १ वटा EIA स्वीकृत गरी विकास निर्माण कार्यलाई सहज बनाइएको छ।
- सुर्खेतबाट कर्णाली प्रदेशका अन्य जिल्लामा हवाई उडान सञ्चालन गर्नका लागि नेपाल सरकार, निजी क्षेत्रका वायुसेवा सञ्चालकहरूसँग बैठक तथा छलफल गरिएको छ।
- मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठकबाट उठान भएका समस्याहरू प्रदेशस्तरीय विकास समस्या समाधान समितिको बैठक बसी समाधानका निर्णय गरिएको छ।
- कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठानको व्यवसायिक योजना/रणनीतिक योजना तथा ऐन संशोधन लगायतका विषयहरू अध्ययन गरी सुझाव पेस गर्न एक विज्ञ समूहको समिति गठन गरिएको छ।